# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७८।०३।१० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला धनुषा स्थित आन्तरिक राजस्व कार्यालय, जनकपुरधाममा कार्यरत कर अधिकृत रमेश ढकालले सेवाग्राहीसँग अन्तशुल्क समायोजनको रकम फिर्ता गर्ने प्रयोजनको लागि घुस/रिसवत रकम माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासबाट खटिई गएको टोलीद्वारा सेवाग्राहीबाट रु. १,५०,०००।–(एक लाख पचास हजार रुपैयाँ) घुस/रिसवत रकम लिएको अवस्थामा उक्त रकमसहित कर अधिकृत रमेश ढकाललाई नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा आन्तरिक राजस्व कार्यालय, जनकपुरधाम, धनुषाका कर अधिकृत रमेश ढकालले सेवाग्राहीसँग अन्तशुल्क समायोजन गर्ने काम सहज गरिदिने भनी रु. १,५०,०००।— घुस/रिसवत माग गरी लिएको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु. १,५०,०००।— (एक लाख पचास हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नारायण प्रसाद रिसाल